नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा)

सिंहदरवार,
काठमाडौं
नेपाल

प.सं. -औ.प्र.-२०७७।०७८)
च.नं. ६६६

मिति २०७८/०३/२८

श्री प्रमुख प्रशासकीय अधिकृतज्यूहरु,
मेडपा कार्यक्रम सञ्चालन भएका स्थानीय तह (सवै)

विषयः मेडपा कार्यक्रमको प्रगति प्रतिवेदन सम्बन्धमा ।

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) सञ्चालन निर्देशिका, २०७७ को दफा ५९ मा स्थानीय तहले मेडपा कार्यक्रमको चौमासिक र वार्षिक भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन गर्ने प्रावधान भए बमोजिम मेडपा कार्यक्रम सञ्चालन भएका स्थानीय तहले तपसिल अनुसार प्रतिवेदन गर्न हुन अनुरोध छ ।

यस सम्बन्धी सूचना वा जानकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको विद्युतीय सूचना प्रणाली (वेभसाइट) मार्फत पनि सूचित गरिसकिएको छ ।

तपसिलः

प्रगति प्रतिवेदनको ढाँचा (Excel फाइल) डाउनलोड गर्ने लिंकः (small र capital letter हुबहु राख्नु हुन)

**bit.ly/MEDPA-Reporting-Format**

दिइएको प्रगति प्रतिवेदनको ढाँचामा विवरण भरिसके पश्चात Excel फाइल तथा सोही फाइलको प्रमाणित प्रतिको scanned कपि (PDF वा तस्बिर) बनाई प्रत्येक स्थानीय तहले देहाय बमोजिमको लिंकमा गई सम्बन्धित प्रदेशको online form को माध्यमबाट सो फाइलहरु अपलोड गर्ने । सो online form बाट प्रतिवेदन पठाउन Gmail account को प्रयोग गरी पठाउन सकिनेछ ।

प्रदेशगत प्रगति प्रतिवेदनको ढाँचा पठाउने लिंकः (small र capital letter हुबहु राख्नु हुन)

**bit.ly/MEDPA-Reporting-2077**

यस सम्बन्धमा थप कुनै जानकारी तथा सहयोगको लागि यसै साथ संलग्न मेडपाको प्राविधिक सहयोग टोलीका सम्बन्धित कर्मचारीहरुसँग सम्पर्क गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ ।

दिनेश सागर भुसाल
उपसचिव